# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १२ फरवरी २०२६

समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले विकसित राष्ट्र निर्माण गर्न राजनीतिक स्थिरता र बलियो अर्थतन्त्र मात्र नभई स्वस्थ, शिक्षित र जिम्मेवार नागरिकको पनि आवश्यकता पर्ने बताउनुभयो ।

- मुख्यमन्त्री ममता बनर्जीले प्रसिद्ध स्वतन्त्रता सेनानी तथा कवियात्री सरोजिनी नायडू, उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो।

- पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियाको बीचमा, भारत निर्वाचन आयोग (ECI) ले राज्य सरकारले पेश गरेको ८ हजार ५०५ ग्रुप-बी अधिकारीहरूको सूचीमा आपत्ति जनाएको छ।

- सांसद राजु विष्टले आज वित्तमन्त्री निर्मला सीतारमण सँग भेटवार्ता गर्नुभएको छ।

- राष्ट्रिय राजमार्ग 10 अन्तर्गत 29 माइल नजिक 'बाँदरे भिर' बाट आज बिहानै एउटा इनोभा गाडी अनियन्त्रित भएर टिस्टा नदीमा खस्दा दुई जनाको मृत्यु अनि दुईजना घाइते भएका छन्।

**राष्ट्रपति कर्मयोग**

राष्ट्रपति द्रौपदी मुर्मुले विकसित राष्ट्र निर्माण गर्न राजनीतिक स्थिरता र बलियो अर्थतन्त्र मात्र नभई स्वस्थ, शिक्षित र जिम्मेवार नागरिकको पनि आवश्यकता पर्ने बताउनुभयो । नयाँ दिल्लीमा सशक्त भारतका लागि कर्मयोग सम्बन्धी राष्ट्रव्यापी अभियानलाई सम्बोधन गर्नुहुदै राष्ट्रपतिले जनताको सक्रिय सहभागिता बिना कुनै पनि राष्ट्रिय लक्ष्य प्राप्त गर्न गाह्रो हुने बताउनुभयो। राष्ट्रपति मुर्मुले सन्तुलित र समग्र विकासको लागि प्रगतिलाई नैतिकता र आध्यात्मिकतासँग एकीकृत गर्नुपर्ने बताउनुभयो। राष्ट्रपतिले आर्थिक वृद्धिले समृद्धि ल्याउँछ र प्रविधिले नवप्रवर्तन, दक्षता र प्रतिस्पर्धात्मकतालाई बढावा दिन्छ र यी सबै मिलेर समृद्ध राष्ट्रको जग बसाल्छन् भनि भन्नुभयो।राष्ट्रपतिले नागरिकहरूलाई परिणामको बारेमा चिन्ता नगरी इमानदारी र समर्पणका साथ काम गर्न ध्यान केन्द्रित गर्न आग्रह पनि गर्नुभयो।राष्ट्रपतिले महात्मा गान्धीको जीवन पनि कर्मयोगको व्यावहारिक उदाहरण भएको बताउनुभयो।

**विश्व रेडियो दिवस**

आज विश्व रेडियो दिवस हो। यस अवसरमा प्रसार भारती र युनेस्कोको संयुक्त आयोजनामा छत्तीसगढको राजधानी रायपुरमा एक विशेष कार्यक्रमको आयोजना गरियो। छत्तीसगढका मुख्यमन्त्री विष्णु देव साई प्रमुख अतिथिको रूपमा कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो। यस वर्षको विश्व रेडियो दिवसको विषयवस्तु "रेडियो र आर्टिफिशियल इंटेलिजेंस " रहेको छ। कार्यक्रममा आकाशवाणीका महानिर्देशक राजीव जैन, युनेस्कोका सञ्चार तथा सूचना क्षेत्रीय सल्लाहकार हज्जाज मलेह, र विभिन्न क्षेत्रका विज्ञहरू र पद्मश्री पुरस्कार विजेताहरू उपस्थित रहेका थिए।

**मुख्यमन्त्री सरोजिनी नायडू**

मुख्यमन्त्री ममता बनर्जीले प्रसिद्ध स्वतन्त्रता सेनानी तथा कवियत्री सरोजिनी नायडू, जसलाई 'भारत कोकिला'भनेर पनि चिनिन्छ, उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो।मुख्यमन्त्रीले आज एक सामाजिक सञ्जाल पोस्ट मा सामाजिक न्याय र सशक्तिकरणका लागि सरोजिनी नायडूको आदर्शलाई स्मरण गर्नुहुदै आफ्नो सन्देशमा उहाँबाट हामी सधैं निर्देशित रहनुपर्ने बताउनुभयो।ममता बनर्जीले , सरोजिनी नायडूको विचार र योगदान अझै पनि समाजको लागि प्रेरणाको स्रोत रहेको बताउनुभयो|

**पश्चिम बंगाल SIR**

पश्चिम बंगालमा चलिरहेको विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियाको बीचमा, भारत निर्वाचन आयोग (ECI) ले राज्य सरकारले पेश गरेको ८ हजार ५०५ ग्रुप-बी अधिकारीहरूको सूचीमा आपत्ति जनाएको छ। आयोगले सूचीमा रहेका लगभग ५०० अधिकारीहरू पहिले नै सहायक निर्वाचन पंजीकरण अधिकारीको रूपमा कार्यरत रहेको थाहा लागेको छ।पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी (CEO) को कार्यालयका एक विश्वसनीय स्रोतका अनुसार, मतदाता संशोधन प्रक्रियाको क्रममा सूक्ष्म-पर्यवेक्षकको रूपमा तैनाथ गर्न राज्य सरकारबाट ८ हजार ५०५ ग्रुप-बी अधिकारीहरूको नाम माग गरिएको थियो। यद्यपि, सूचीमा रहेका ५०० अधिकारीहरू पहिले नै AERO को रूपमा सेवा गरिरहेका हुनाले, तिनीहरूलाई सूक्ष्म-पर्यवेक्षकको रूपमा नियुक्त गर्नुको कुनै औचित्य छैन। स्रोतले बताए अनुसार सूक्ष्म-पर्यवेक्षक र निर्वाचन दर्ता अधिकारी (ERO)/AERO को जिम्मेवारी र कामको प्रकृति फरक छ।सीईओको कार्यालयको एक स्रोतले यो पनि बताएको छ कि एसआईआरसँग सम्बन्धित सुनुवाइ सत्रहरूको समयसीमा शनिबार समाप्त हुँदैछ, तर आयोगले यी ८ हजार ५०५ अधिकारीहरूको बारेमा विस्तृत पृष्ठभूमि जानकारी, जस्तै उनीहरूको हालको तलब स्केल र सम्बन्धित विभागीय जानकारी, राज्य सरकार वा सम्बन्धित विभागहरूबाट प्राप्त गरेको छैन। आयोगले यी अधिकारीहरूको बारेमा विस्तृत जानकारी मागेको छ |

**पश्चिम बंगाल SIR / ECI**

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (SIR) अन्तर्गत मतदाता पहिचान कागजातहरूको प्रमाणीकरण प्रक्रिया सुरु हुनुभन्दा अगाडि, भारत निर्वाचन आयोग (ECI) को पूर्ण इजलासले आज बिहान ११ बजे राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालय, सबै जिल्ला मजिस्ट्रेटहरू र जिल्ला निर्वाचन अधिकारीहरूसँग भर्चुअल बैठक गर्यो।सुनुवाइको क्रममा मतदाताहरूले पेश गरेका पहिचान कागजातहरूको प्रमाणीकरण चरण, शनिबार सुरु हुनेछ र २१ फेब्रुअरी सम्म जारी रहनेछ। मस्यौदा मतदाता नामावलीमा दावी र आपत्तिहरूको सुनुवाइको लागि विस्तारित समयसीमा पनि शनिबार समाप्त हुन्छ।स्रोतका अनुसार, SIR का लागि नियुक्त सूक्ष्म-पर्यवेक्षकहरूले सुनुवाइ सत्रहरूमा आयोगको दिशानिर्देशहरूबाट विचलनका धेरै उदाहरणहरू देखयाएको छ। केही स्थानहरूमा, ECI द्वारा सूचीबद्ध १३ वैध कागजातहरू बाहेक अन्य कागजातहरू स्वीकार गरिएको आरोप छ।बैठकको अर्को महत्त्वपूर्ण विषय आगामी राज्य विधानसभा चुनावको लागि अस्थायी मतदान केन्द्रहरूको अन्तिम सूचीको अनुमोदन हुनेछ। मुख्य निर्वाचन अधिकारीको कार्यालयले ७८ आवासीय परिसरहरू पहिचान गरेको छ र तिनीहरूको सूची नयाँ दिल्लीस्थित आयोगको मुख्यालयमा पठाएको छ।यसबाहेक, पश्चिम बंगाल विधानसभा चुनाव कति चरणमा गर्ने भन्ने मुद्दामा पनि छलफल हुने सम्भावना छ। मुख्य निर्वाचन अधिकारीको कार्यालयले एक चरणको मतदानको लागि आयोगलाई प्रस्ताव पेश गरेको छ, यद्यपि आयोगले अन्तिम निर्णय गर्नेछ।राज्यको अन्तिम मतदाता सूची 28 फेब्रुअरीमा प्रकाशित हुनेछ। यसपछि, ECI को पूर्ण इजलासले SIR पछिको अवस्थाको समीक्षा गर्न 1 मार्च देखि सुरु हुने दुई दिने भ्रमणमा पश्चिम बंगालको भ्रमण गर्नेछ। भ्रमण पछि तुरुन्तै विधानसभा चुनावको मिति घोषणा हुने अपेक्षा गरिएको छ।

**राजु विष्ट**

सांसद राजु विष्टले आज वित्तमन्त्री निर्मला सीतारमण सँग भेटवार्ता गर्नुभएको छ। सांसद विष्टले एक विज्ञप्ति जारी गर्दै आफूले वित्तमन्त्री सितारमण सँग भेट्ने सौभाग्य प्राप्त गरेको अनि यस अवसरमा दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका जनताको तर्फबाट उहाँलाई लगातार नौ बजेट प्रस्तुत गर्ने पहिलो वित्तमन्त्री बनेकोमा बधाई दिएको बताउनु भएको छ। सांसदले यस अवसरलाई हाम्रो क्षेत्रका विभिन्न मुद्दाहरूमा छलफल गर्न प्रयोग गरेको, विशेष गरी पश्चिम बंगालका हजारौं चिया बगान श्रमिकहरूको जीविकोपार्जन र कल्याणमा केन्द्रित रहेको बताउनुभयो। पश्चिम बंगालमा प्रधानमन्त्री चिया श्रमिक प्रोत्साहन योजना (PMCSPY) लागू गर्न तत्काल हस्तक्षेपको लागि औपचारिक अनुरोध गरेको सांसद विष्टले बताउनुभयो। उहाँले भन्नुभयो म

हाम्रा मेहनती चिया र सिन्कोना श्रमिकहरूको कल्याणको लागि पूर्ण रूपमा प्रतिबद्ध छु, जो भारतको चिया उद्योगको मेरुदण्ड हुन्, तर पनि विभिन्न जोखिमहरूको सामना गरिरहेका छन्।

**कोलकाता हिन्दी विश्वविद्यालय**

कोलकाता हिन्दी विश्वविद्यालयको ट्रेनिंग, प्लेसमेन्ट एण्ड स्टुडेन्ट वेलफेयर सेलद्वारा "अमूर्त क्षमतालाई आकार दिनु: करियर अनि जीवनको लागि व्यवहार कौशल" विषयमाथि एक दिवसीय अनलाइन संगोष्ठी आयोजना गरियो। कार्यक्रमको अध्यक्षता कुलपति प्रोफेसर नन्दिनी साहूले गर्नुभएको थियो।मुख्य वक्ताको रूपमा नयाँ दिल्लीस्थित इन्दिरा गान्धी राष्ट्रिय मुक्त विश्वविद्यालय (इग्नू)- को स्कूल अफ म्यानेजमेन्टकी प्रोफेसर डा. अनुप्रिया पाण्डेले व्यवहार कौशलको महत्वमाथि विस्तार पूर्वक प्रकाश पर्नुभयो। उहाँले , वर्तमान औद्योगिक परिदृश्यमा तकनिकी दक्षता मात्र पर्याप्त हुँदैन, सफ्ट स्किल र प्रभावकारी सञ्चार क्षमता पनि उति नै आवश्यक रहेको बताउनुभयो। डा. अनुप्रिया पाण्डेले जोसेफ लुफ्ट अनि ह्यारिंगटन इंगमद्वारा विकसित 'जोहरी विण्डो मोडल'- को उल्लेख गर्नुहुदै आत्म-जागरूकता, व्यक्तित्व विकास अनि पेशागत सफलताबीचको सम्बन्धलाई स्पष्ट पर्नुभयो। उहाँले सहानुभूति, टीमवर्क अनि सम्प्रेषण क्षमतालाई मानव संसाधन विकासको प्रमुख आधार बताउनुभयो।

**राष्ट्रिय राजमार्ग 10**

राष्ट्रिय राजमार्ग 10 अन्तर्गत 29 माइल नजिक 'बाँदरे भिर' बाट आज बिहानै एउटा इनोभा गाडी अनियन्त्रित भएर टिस्टा नदीमा खस्दा दुई जनाको मृत्यु अनि दुईजना घाइते भएका छन्। टिस्टा नजिक भएको यस भयावह सड़क दुर्घटनामा दुईजनाको घटनास्थलमा नै मृत्यु भएको छ भने अन्य दुईजना गम्भीर रूपमा घाइते बताइएको छ।प्राप्त जानकारी अनुसार, सिलगडीबाट सिक्किमतर्फ गइरहेको समय उक्त वाहन दुर्घटनामा भएको बताइएको छ। दुर्घटना आज बिहान 3 बजीदेखि 5 बजीको अवधिमा भएको हुनसक्ने अनुमान गरिएको छ। उक्त गाडी मुल रोडबाट धेरै तल टिस्टा नदीको किनारमा खसेको छ।घटनाको जानकारी पाउन साथ स्थानीय प्रशासन र उद्धार टोली घटनास्थलमा पुगेका थिए। उद्धार गरिएका दुईजना घाइतेहरूको अवस्था चिन्ताजनक रहेको र उनीहरूलाई तत्कालै नजिकैको रम्बी अस्पतालमा उपचारका लागि लगियो। दुर्घटनाको वास्तविक कारण अझसम्म थाहा नलागे तापनि तीव्र गति अथवा चालकले नियन्त्रण गुमाइ पठाएपछि दुर्घटना भएको हुनसक्ने आशंका गरिएको छ।

**जलपाईगुडी /पशु संशाधन विकास विभाग**

जलपाईगुडी जिल्ला प्रशासनले बृहत् टीकाकरण अभियान सुरु गरेको छ। पशु संशाधन विकास विभागद्वारा सुरु गरिएको यस अभियानमा जिल्लाभरि कुल १ हजार ४०० भुसिया कुकुरहरूलाई रेबिज वैक्सीन लगाउने लक्ष्य राखिएको छ। अधिकारीहरूका अनुसार, हालैका रेबिजका घटनाहरूलाई ध्यानमा राख्दै, समयमै संक्रमण फैलिनबाट रोक्नको लागि यो विशेष अभियान सुरु गरिएको हो। शहरका लगभग ३०० आवारा कुकुरहरूलाई खोप लगाएर आज औपचारिक रूपमा यो कार्यक्रम सुरु गरिएको थियो। पशु चिकित्सकहरूको टिमले कुकुरहरू पहिचान गर्न र टीकाकरण गर्न विभिन्न क्षेत्रहरूको भ्रमण गरेको थियो।प्रशासनले यो अभियान जिल्लाभरि चरणबद्ध रूपमा सञ्चालन गरिने बताएको छ। टीकाकरणसँगै, मानिसहरूलाई कुनै पनि जनावरले टोकेमा तुरुन्तै चिकित्सा सहायता लिन र नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्न पनि सचेत गराइएको छ।

**नक्सलबारी लागूऔषध**

नक्सलबारी थानाको पुलिसले किराना पसलमा भइरहेको अवैध लागूऔषध कारोबारको खुलासा गर्दै एक अभियुक्तलाई पक्राउ गरेको छ। अभियुक्तबाट ठूलो मात्रामा नगद पनि बरामद गरिएको छ। प्राप्त जानकारी अनुसार, पुलिसले गोप्य स्रोतबाट खलपाडा क्षेत्रको एक घरमा अवैध लागूऔषध किनबेच भइरहेको जानकारी पाएको थियो। सोही सूचनाको आधारमा हिज अबेर राति छापा मरेको थियो। खोजीका क्रममा पुलिसले १२ बोतल प्रतिबन्धित कफ सिरप, ११ ग्राम ब्राउन सुगर र लगभग १ लाख १२ हजार रुपियाँ नगद बरामद गरेको छ। पुलिसले यस मामिलामा थप कारबाही सुरु गरेको छ।

**गोरुबथान**

गोरुबथानको गुप्तेश्वर धाममा गंगा आरती सम्पन्न भएको छ। गुप्तेश्वर धाममा चलिरहेको सप्ताहव्यापी श्री ब्रह्मा पुराणमा ११, १२ र १३ फरवरीको दिन सायकाल गंगा आरती भइरहेको छ।हिजो दोस्रो दिन पनि अपार भव्यताको साथमा आरती पुजन सम्पन्न भयो। आज १३ फरवरी शुक्रबारको दिन अन्तिम आरती सम्पन्न भएको छ। यस पावन आरतीको रसस्वादन गर्न तथा पुराण श्रवण गर्नको निम्ति गुप्तेश्वर धाम सेवा समितिको तर्फबाट सम्पुर्ण भक्तजनलाई उपस्थित भइदिने आह्वान गरिएको छ।

**नेपथ्य ब्याण्ड सिलगढी**

'रेशम', 'जुम सुमे बजारमा', 'भेडाको ऊन जस्तो', 'छेक्यो छेक्यो देउराली डाँडा' जस्ता सुप्रसिद्ध र सदाबहार गीतहरुले नेपाली सांगीतिक क्षेत्रमा एकछत्र राज गरेका नेपथ्य ब्याण्डको सांगीतिक प्रस्तुति सिलगढीमा हुने भएको छ। यस सांगीतिक कार्यक्रमलाई सिलगढीमा पहिलोपटक पीभी नेटवर्क र क्लब ग्राभिटीको आयोजनामा भईरहेको छ। यस विषयमा शुक्रबार खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर आयोजक पक्षको तर्फबाट 'नेपथ्य लाइभ इन सिलगढी' विषयमा जानकारी गराएका छन्।

****** ० ******